# आर्थिक वर्ष २०८१/०८२ को
# नीति कार्यक्रम तथा बजेट वक्तव्य

**धनौजी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**धनौजी, धनुषा**

**मधेश प्रदेश,** नेपाल

# धनौजी गाउँपालिकाको
# ११ औ नीति तथा कार्यक्रम

धनौजी गाउँपालिकाका गाउँपालिका अध्यक्ष श्री राजकुमार साहज्यूबाट प्रस्तुत **आ.व. २०८१।०८२ को लागि प्रस्तुत नीति, कार्यक्रम तथा बजेट**

*प्रस्तुत मिति २०८१/०३/६*
*पारित मिति २०८१/०६/१९*

धनौजी गाउँपालिकाको सम्मानित ११ औ नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिकरण समारोहका
श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु,
श्री कार्यपालिका सदस्य ज्यूहरु,
श्री गाउँसभाका सदस्यज्यूहरु,
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
श्री विषयगत शाखाको संयोजक ज्यूहरु
श्री वडा सचिव ज्यूहरु, तथा उपस्थित अन्य कर्मचारी तथा सहयोगि साथीहरु ।

यस सभामा उपस्थित अन्य महानुभावहरु समेत ।

(१) प्रतिकुल आर्थिक मन्दीको प्रभावमा यस कठिन परिस्थितिमा गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु परेको छ ।

(२) जनआन्दोलन, सशस्त्र जनयुद्ध मधेश जनविद्रोह र मधेश आन्दोलन लगायत विभिन्न लोकतान्त्रिक आन्दोलनवाट स्थापित नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा विशिष्ट योगदान पुरयाई जीवन अर्पण गर्नु भएका वीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दछु ।

(३) धनौजी गाउँपालिकाको ११ औ गाउँ सभाले यस गाउँपालिकाको उज्वल भविष्य निर्माण गर्नको लागि आ.व.२०८१/८२ को बजेटले **"आफ्नो कर्तव्यबोध भएका जनता हजार, सक्षम र समृद्ध धनौजी गाउँपालिकाको आधार"** बनाउने नीति, कार्यक्रम तथा बजेट अगाडि सारेको छु ।

**<u>सभाका सम्पूर्ण सदस्य ज्यूहरु,</u>**

(४) आफ्नो गाउँपालिकाको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समानरुपमा वितरण गरी सामाजिक समानता कायम गर्ने सवै वर्गका जनताको सहभागिता अभिवृद्धि गदै विकास प्रक्रियालाई संस्थागत गर्न नेपालको संविधान २०७२ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम व्यापक अधिकार प्राप्त गाउँसभावाट पारित हुने आ.व.२०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा हर्षित छु ।

(५) विकास प्रक्रियालाई सरल, सहज, जनमुखि, पारदर्शी एवं प्रभावकारी रुपमा, अगाडि बढाउन योजना, कार्ययोजना तर्जुमालाई पूर्व शर्त मानिन्छ ।

(६) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ उपदफा २(क) मा उल्लेख भए बमोजिम वडावाट योजना संकलन गरी गाउँ कार्यपालिकामा छलफल भई तयार पारिएका एकिकृत योजना आजको यो ११ औ गाउँसभामा पारीत गर्नको निमित्त पेश गर्दछु ।

(७) प्रस्तुत बजेट, योजना तथा कार्यक्रम यसै आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी तयार पारको छु।

(८) यस गाउँपालिकाले यो नीति, कार्यक्रम तथा बजेट नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दीर्घकालिन क्षेत्रगत नीतिहरु प्रदेश सरकारको चालू आर्थिक वर्षमा ल्याएको नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने तथा दिगो विकास लक्ष्य अन्तर्गत गाउँपालिकाका प्राथमिकताहरु तय गर्दै सो हासिल गर्न अग्रसर रहने छ ।

(९) गाउँपालिकाले आ.व. ०८१।०८२ को नीति तथा कार्यक्रम र बजेट कार्यक्रम अनुसार लक्ष्य प्राप्त गर्न कार्यतालिका निर्माण गरी कार्य गरिनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

(१०) सम्पूर्ण गाउँपालिकाको समग्र विकासका लागि "गाउँपालिकाको योजना बैंक" स्थापना गरिनेछ।

(११) यस नीति तथा कार्यक्रमले गाउँ पालिकाको सोच "**आफ्नो कर्तव्यबोध भएका जनता हजार, सक्षम र समृद्ध धनौजी गाउँपालिकाको आधार**" लाई साकार गरी आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिन रोजगारको अवसर श्रृजना गर्न गरिवी न्यूनिकरण गर्न मदत गर्नेछ ।

(१२) वडा समितिसँग समन्वयात्मक तथा अनुगमनको भूमिका प्रभावकारी बनाउन नीतिगत व्यवस्था गर्ने प्रस्ताव गरेको छु ।

(१३) कार्यपालिकाले आफ्नो काम कारवाही व्यवस्थित गर्न आवश्यकतानुसार स्थानीय सरकार संचालन ऐन, २०७४ दफा १४ बमोजिमको समिति, उपसमिति वा कार्यदल, आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्ने नीतिगत व्यवस्था गरेको छु।

(१४) आ.व.२०८०/८१ मा सम्पन्न आयोजना नीति तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको उक्त बक्यौता रकम र कार्यान्वयन गर्न बाँकी रहेको नीति तथा कार्यक्रमहरुलाई यस आ.व. २०८१/८२ मा प्राथमिकताका साथ निरन्तरता दिइने छ। विस्तृत विवरण पछि पुस्तक प्रकासन हुने गरी सम्भवत : अधिकांश मानिसहरुको हातमा पुरयाइनेछ ।

अन्त्यमा : अन्त्यमा आर्थिक चुनौतिका प्रतिकुलतालाई सफलतापूर्वक सामना गर्न धनौजी गाउँपालिकाका स्थानीय सरकार प्रतिबद्ध रहनेछ । साथै यस नीति कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवालाहरुको सक्रिय सहयोगको अपेक्षा राखेको छु ।

आर्थिक वर्ष २०८१।८२ को मूल नारा–

# "आफ्नो कर्तव्यबोध भएका जनता हजार, सक्षम र समृद्ध धनौजी गाउँपालिकाको आधार"

**<u>पूर्वाधार तथा संरचना विकास</u>**

१. यस गाउँपालिका क्षेत्रभित्र ऐतिहासिक एवं धार्मिक महत्वका स्थानहरु छनौट गरी पर्यटन स्थलको रुपमा विकास गर्नका लागि राष्ट्रिय पर्यटन वोर्डमा दर्ता गरिनेछ । पालिकाभित्र भएका मठमन्दिरहरूलाई व्यवस्थित गरी संचालन गर्न आवश्यक भएकाल् नीति बनाई पालिकाल् अधिनम ल्याएर संचालन गरिनेछ ।

२. प्रत्येक वडा कार्यालय तथा गाउँलाई गाउँकार्यपालिका कार्यालयसँग जोडिएको सडक स्तरोन्नती योजनालाई निरन्तरता दिइनेछ ।

३. विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहित तथा कारवाही गरिनेछ ।

४. बनेका सडकहरुलाई स्तरोन्नति गरिनेछ ।

५. गाउँपालिकालाई आधारभूत सिटीको रुपमा स्थापित गर्ने नीति अनुरुप आवश्यकता अनुसारको पूर्वाधारहरुलाई मर्मत संभार, निर्माण गर्ने कामहरुलाई निरन्तरता दिइनेछ । सडकहरुको नियमित मर्मत संभारका लागि एक मर्मत संभार कोष खडा गरी नियमित रुपमा मर्मत सम्भार गरिनेछ ।

६. पुर्वाधार तथा संरचना विकासका अवधारणाहरुलाई कार्यान्वयन भए/नभएको प्रभावकारी अनुगमन, मूल्याङ्कन गरिनेछ ।

७. ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई उपलब्ध गराउनु पर्ने सेवा घरदैलोमा पुगेर दिने नीति अबलम्बन गरिनेछ ।

८. गाउँपालिकामा एक गाउँपालिकास्तरीय रंगशाला निर्माण गर्न अध्ययन तथा पहल गरिनेछ ।

९. भवन निर्माण गर्दा नेपाल सरकरले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।

१०. गाउँपालिका भित्र विभिन्न स्थानहरुमा अध्ययन गरी चिल्ड्रन पार्क निर्माण गरिनेछ ।

११. गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, पोखरी लगायतका सम्पतिहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोवास क्षेत्रहरुको लगत संकलन गरिनेछ ।

१२. गाउँपालिका भित्र हुने विकास निर्माणका योजनाहरुको आवश्यकता अनुसार डिपिआर गरी विकास निर्माण कार्यहरु अगाडि बढाईनेछ ।

१३. गाउँपालिकाका सडक तथा बजार क्षेत्रमा जनसहभागितामा आधारित सौर्य बत्ति जडान गर्न प्राथमिकता दिईनेछ ।

१४. जनसहभागिताबाट निर्मित योजनाहरु दिगो हुने तथा त्यस्ता योजनाहरुमा जनताको अपनत्व भै संचालन एवम् रेखद्ख जनताबाटै स्वतस्फुर्त रुपमा हुने हामी सबैको अनुभव छ । तसर्थ

भौतिक पूर्वाधार सम्बन्धी योजनाहरु संचालन गर्दा १० प्रतिशत अनिवार्य रुपमा जनसहभागिता प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।

१५. फोहोर मैला व्यवस्थापनका निम्ति ट्रलीसहितको थप ट्रेकटर १ थान सरसफाई कार्य नियमित व्यवस्थित गर्न सरसफाई कर्मचारीको व्यवस्था गरिनेछ ।

१६. विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न एक विपद व्यवस्थापन कोष खडा र परिचालन सम्वन्धि निर्देशिका तयार गरिनेछ ।

**जनसंख्या तथा सामाजिक विकास**

१. ज्येष्ठ नागरिक र अपाङ्ता भएका व्यक्तिहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ।

२. खेलकुदको स्तर विकास गर्न गाउँपालिका क्षेत्रका खेलाडीहरुलाइ प्रोत्साहनको लागि गाउँपालिकाबाट सम्मान तथा पुरस्कृत गरिनेछ । साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

३. नागरिक सचेतना केन्द्र मार्फत सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिकरणमा विशेष जोड दिईने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै त्यस्ता समुहहरुलाई विभिन्न प्रकारहका साक्षरता अभियानमा सहभागी गराईनेछ ।

४. स्थानीय मेलमिलाप मध्यस्थताको सहजीकरण सम्बन्धी आवश्यक कार्य गरिनेछ।

५. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ ।

६. यस गाउँपालिकालाई विशेष योगदान गरेका महानुभावहरुलाई सम्मान एव पुरस्कृत गरिनेछ ।

७. पालिका भित्र रहेका सवै मानव संशाधनहरुको तथ्यांक संकलन गरी अभिलेखिकरण गरिनेछ ।

**महिला, बालबालिका तथा अन्य लक्षित बर्गः-**

१. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।

२. प्रत्येक सामुदायिक विधालयमा बाल क्लब गठनलाई प्रथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्रथमिकताका साथ कार्यन्वयन गरिने छ ।

३. दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रबर्द्धन एवं निर्णय प्रकियामा सहभागिता विकास, सीप विकास एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ।

४. बालविवाह विरुद्ध कार्यक्रम संचालनमा जोड दिँदै बाल मैत्री गाउँपालिका निर्माण गर्ने कामको थालनी गरिनेछ ।

५. **"सक्षम तथा अनुशासित बालबालिका, धनौजी गाउँपालिकाको आवश्यकता"** को नारालाई सार्थक बनाउन बालबालिकाको चौतर्फी विकास गर्न सकिने कार्यक्रम, पुर्वाधार र अन्य आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।

६. सामुदायिक विधालयहरुमा अध्ययनरत अपाङगता भएका र हाम्रो समाजमा रहेका अपाङ वालवालिकाहरुको लागि विशेष सहयोग गर्न जनचेतना मूलक कार्यक्रम गरिनेछ ।

७. आवासको हकलाई सुनिष्चित गर्न गरिब, दलित, भूमिहिलाई प्राथिमकताको आधारमा निजी तथा गैर सरकारी संस्थाहरुसँग (Habitat For Humanity Nepal, Ratauli Yuwa Club - RYC) समन्वय र लागत सहभागिता गरी ३ वर्षमा ४५ वटा घर निर्माण प्रकृया अगाडि बढाइनेछ ।

८. यस गाउँपालिकामा बालबालिकाहरुको सर्वाङ्गीन विकासका लागि सेतो गुराँस संस्था र यस पालिकाको संयुक्त लागत सहभगितामा नियुक्त रहेको बाल विकास संयोजकलाई निरन्तरता दिइनेछ ।

**<u>वातावरण संरक्षण, खानेपानी तथा सरसफाईः-</u>**

१. खाली पर्ती जग्गामा उपभोक्ता समुह विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. यस गाउँपालिकालाई पूर्ण सरसफाईका लागि आवश्यक पर्ने कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी सरसफाइमा नमूना गाउँपालिकाको रुपमा स्थापित गर्न जोड दिइने छ ।

३. स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि ओभरहेड टयांक निर्माण तथा शुद्ध खानेपानी अपूर्ति कार्यलाई प्राथमिकता दिई सोको लागि सम्बन्धित निकायहरुमा पहल गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. सर्पदंश उपचारको लागि यसैपालिका भित्र उपचारकेन्द्र स्थापना गरिनेछ ।

**<u>शिक्षा तथा स्वास्थ्यः-</u>**

१. साक्षरता कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरि यस गाउँपालिकामा निरक्षरता उन्मूलन गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ।

२. गाउँपालिका क्षेत्रमा सुविधा सम्पन्न अस्पताल निर्माणको लागि विशेष पहल गरिने छ।

३. गाउँपालिका क्षेत्रभित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिने छ । साथै पालिकामा भएका विद्यालयमध्ये हरेक वर्ष एक विद्यालयलाई नमूना विद्यालय बनाउने नीति लिइएको छ ।

४. गाउँपालिका क्षेत्रमा संचालित विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा सहजिकरण, समन्वय एवम् नियमन कार्य गाउँपालिकाको नीति निर्देशनमा शिक्षा समितिले गर्नेछ ।

६. अध्यनरत विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा नियमित रुपमा शिक्षकको दरबन्दि मिलान गर्दै विद्यार्थीःशिक्षक अनुपात कम भएको विद्यालयबाट उक्त अनुपातमा बढि भएको विद्यालयमा शिक्षकलाई कामकाजमा खटाउने र कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा कार्यविधि बनाई समाहित गरिनेछ ।

७. आधारभुत तह देखी नै अंग्रेजी भाषा, कम्प्युटर शिक्षा तथा विभिन्न extra curricular activities मा जोड दिइनेछ । साथै विद्यालयका लागि सोलार तथा कम्प्युटर खरिदको लागि विभिन्न दातृनिकायहरु सगँ समन्वय गरिनेछ ।

८. सबै विद्यालयहरुमा पुस्तकालय तथा ICT पूर्वाधार सहितको एक सिकाई केन्द्र व्यबस्थापनका लागि पहल गरिनेछ ।

९. बालबालिकाको सर्वाङ्गिण विकासका लागि अन्तर विद्यालय खेलकुद, हाजिरि जवाफ, बक्तृत्वकला, नृत्य, वादविवाद जस्ता प्रतियोगिताहरु संचालन गर्ने ।

१०. विद्यालयको सम्पती सुरक्षा गर्न आवश्यक व्यवस्था गरिनेछ ।

११. विद्यालयको पठन पाठनमा सुधार तथा सिकाई उपलब्धी वढाउन प्रत्येक विद्यालयमा बाल क्लबको गठन गरिनेछ ।

१२. विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुमा समीति गठन गर्न आवश्यक पहल गरिनेछ ।

१३. आधारभुत तहमा शिशु भर्ना दर सत प्रतिशत पुर्याउने आवश्यक पहल गरिनेछ ।

१४. यस पालिका अन्तर्गत कार्यरत रहेका मावि, आधारभुत शिक्षकहरुलाई कार्यरत रहेको विद्यालमा शिक्षक अनुदान निकासा गरिनेछ ।

१५. शिक्षक र विद्यार्थीहरुको नियमित उपस्थीतीको लागी समय समयमा अनुगमन गरिनेछ ।

१६. गाउँपालिका भित्र प्रारम्भिक बालिबकासको क्षेत्रमा लगानी अभिबृद्धि गर्दै बालबिलकाको सर्वाङिगण विकासका लागि एकिकृत प्रारम्भिक बालविकास योजना तयारी तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१७. गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकीहरुको भौतिक एवमं संरचनागत सुधार गर्दै व्यवस्थापनलाई निर्धारित मापदण्ड अनुरुप विकास र विस्तार गरिनेछ ।

१८. नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई यस गाउँपालिकाका गाउँवासीहरुको पुर्ण सहभागिताका लागि प्रोत्साहन गरी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

१९. गाउँपालिकाका वडाहरुमध्ये कम्तिमा १ वटा स्वास्थ्य केन्द्रलाई (खोप तथा पोषण केन्द्र लगायतका सेवा) थप व्यवस्थित गर्न पहल गरिनेछ।

२०. गाउँपालिकामा १० शैयाको अस्पताल निर्माणको लागि पहल गरिनेछ ।

२१. बहुअर्वामा रहेको आयुर्वेद अस्पतालको सेवा थप व्यव्सथापनका साथै प्रत्येक वडामा आयुर्वेद सेवा विस्तार गर्ने र योग कार्यक्रम संचालनको नीति लिईने छ।

२२. यस गाउँपालिका क्षेत्रिभित्र संचालित सामुदायिक विधालयहरुको शैक्षिक गुणस्तर स्थापित गर्न नीतिगत कार्यक्रम संचालन गरिनेछ । साथै यसै आ.व. मा स्थानीय पठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन गराउन सुरु गरिनेछ ।

२३. स्वास्थ्य सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिई आमा समूह तथा म.स्वा.स्यव सेविकाको भुमिकाको उच्च मूल्याङ्कन गर्दै निजहरुले गरेको योगदान तथा सक्रिय बनाई राख्न प्रोत्साहन स्वरुप १००० लाई बढाई १५०० का दरले खाजा खर्च उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

२४. शिक्षक तथा स्वास्थयकर्मीहरुलाई नीतिगत व्यवस्था गरी पालिकभित्र एक ठाउँबाट अर्का ठाउँमा सरुवा तथा पदस्थापन आवश्यकता अनुसार गर्ने नीति लिईएको छ ।

**कृषि विकास तथा सहकारीः-**

१. कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह समिति सरकारी गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।

२. गाउँपालिका क्षेत्रका उर्वर भूमिलाइ सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ ।

३. गाँउको उत्पादन बजारमा बजारीकरण गर्ने छ।

४. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५. अर्गेनिक खेतीलाइ जोड दिइनेछ ।

६. यस गाउँपालिकामा संचालित सहकारी संस्थाहरुलाई मुल्य र मान्यताको आधारमा संचालित गर्न तथा नियमन गर्न प्रभावकारी पृष्टपोषण सहितको अनुगमन गरिनेछ ।

७. कृषिमा आधारित कृषकहरुलाई परामर्श सेवा लगायतका अन्य सेवा प्रदान गर्न कार्यालयलाई व्यवस्थित एवं सेवाको सक्रियता बढाइने छ ।

८. कृषि सडक र कृषि विद्युतिकरणमा जोड दिईनेछ ।

९. कृषकहरुलाई सिंचाईको समस्याबाट मुक्त गर्न यसै आ.व. ०८१।०८२ बाट सम्पूर्ण कृषकहरुको कृषिमिटरमा उठेको विल भुक्तानी गरिदिने व्यवस्था गरिनेछ । त्यसबाट उत्पादन बढन गई स्वरोजगार हुन प्रेरणा मिल्नेछ ।

१०. एक वडा एक कृषि प्राविधिक तथा पशु प्राविधिकको व्यवस्था गर्ने नीति लिईएको छ । साथै प्राविधक कर्मचारीलाई कार्यस्थलमा नै गएर सेवा दिन आवश्यक मापदण्ड बनाई सुरुवात गरिनेछ ।

१२. कृषकहरुलाई वित्तिय साक्षरता कार्यक्रम राखेर बैंकिङ्ग कारोवार गर्ने अभिप्रेरित गरिनेछ ।

**राजस्वः-**

१. सम्पति कर लागु गरी कर प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ । साथै करको दर घटाई दायरा बढाइने नीति अवलम्बन गरिनेछ ।

२. उद्योग व्यवसायी संगको सहकार्य र समन्वयमा व्यवसाय दर्ता तथा नविकरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाई करको दायरामा ल्याइने छ ।

३. वार्षिक रु १ लाख भन्दा बढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाइ विषेश रुपले पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

४. गाउँपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिइ घरदैलो सेवा उपल्बध गराइने निति अवलम्वन गरिनेछ ।

५. नक्सा पास नभइ बनेका घरहरुलाइ व्यवस्थित गर्न घरहरुको अभिलेखिकरण तथा नक्सा पास गराउने नीति अबलम्बन गरिनेछ ।

६. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनले प्रत्याभूत गरेका राजश्वका अधिकारहरु प्रभावकारी ढंगले लागु गर्न आवश्यक नीति नियम बनाई यसै आ.व. ०८१।०८२ देखि लागु गरिनेछ ।

**सूचना तथा सञ्चार :-**

१. आजको प्रविधि युगमा धनौजी गाउँपालिकालाई सूचना संचारको प्रविधिलाई वेभसाईटको संचारमा ल्याउने नीति अपनाइने छ ।

२. प्रविधिमा प्रयोग हुने कम्प्युटर सम्बन्धि ज्ञान, सीपको विकास सम्पूर्ण कर्मचारीहरु तथा जनप्रतिनिधिहरुमा गरिने छ । पालिकाबासी, कर्मचारी र जनप्रतिनिधिलाई सूचना प्रविधि मैत्री बनाईनेछ ।

३. यस गाउँपालिकालाई कागज रहित बनाउने नीति अवलम्बन गरिने छ ।

४. सूचनाको हक मौलिक अधिकार भएकाले आवश्यकता अनुसार नियम र प्रकृया पुरा गरी माग अनुसार सूचना दिने नीति लिईनेछ ।

५. गाउँपालिकाका भित्र Free WIFI सेवा जडान गरिनेछ ।

**प्रशासन सुशासन तथा पारदर्शिताः-**

१. गाउँपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समायानुकुल सुधार्दै लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्यविवरण तयार गरि अद्यायवधिक गर्दै लगिनेछ ।

२. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राही प्रति मर्यादित व्यवहार गर्ने नीतिलाइ प्रभावकारी बनाइने छ ।

३. e-governance को अवधारणा बमोजिम गाउँपालिकाको क्रियाकलापलाइ व्यवस्थित गरिने नीति लिईनेछ।

४. नयाँ पदस्थापना भएर आएका कर्मचारीहरु र पुराना कर्चमारीहरु विच प्रशासन सुसशान पारदर्शिता तथा प्रशासनिक कार्यमा भएका र हुनसक्ने असहजतालाई मागको आधारमा पहिचान गरी कार्यक्रम संचालन गरिनेछ ।

५. पालिकालाई आवश्यक पर्ने सबै तथ्यांक संकलन गरिनेछ ।

६. प्रशासन सेवालाई प्रविधि मैत्री बनाईनेछ । त्यसका लागि कर्मचारीहरुलाई आवश्यकता अनुसार क्षमता विकास तालिम आयोजना गरिनेछ ।

७. हरेक वडको डिजिटल प्रोफाईल निर्माण गरी समग्र पालिकाको सम्पूर्ण तथ्यांक त्यस्तो प्रोफाईलमा संकलन गरी अभिलेखिकरण गरिनेछ । साथै त्यस्तो तथ्यांक हरेक २ वर्षमा अद्यावधिक गरिने नीति लिईएको छ ।

८. सार्वजनिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गर्ने ।

९. खर्चको नियमित रुपमा सार्वजनिकीकरण गर्ने तथा गाउँपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ ।

१०. कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा बेरुजु कडाईका साथ फछ्यौट गर्न आवश्यक पहल गरिनेछ ।

११. छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्था गरिनेछ ।

१२. गा.पा.कार्यालय र अन्तर्गतका निकायहरुमा सुरक्षा दृष्टीकोणले CCTV सुशासन कायम गर्न डिजिटल हाजिरीको व्यवस्था क्रमशः प्रत्येक वडामा यसै आ.ब.मा गरिने छ ।

१३. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गर्नेछ ।

१४. स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा १ महिला सदस्य र १ खुला सदस्य सहितको ३ सदस्यीय स्थानीय मेलमिलाप समिति गठन गरिनेछ ।

१५. गाउँपालिका तथा न्यायीक समितिलाई कानुनी सल्लाह प्रदान तथा गाउँपालिका क्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न कानूनी सल्लाहकार नियुक्ती रहेकोलाई यस आ.व. मा पनि निरन्तरता दिईनेछ ।

१६. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

१७. सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गाउँबासीलाई सहज सरल ढंगबाट सेवा दिन गाउकार्यपालिकाको कार्यालय, सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सहितको नागरिक वडापत्र राख्ने तथा First Come First Service का आधारमा सेवा प्रदान गर्नेछ ।

१८. सेवा प्रवाह तथा कार्यसम्पादनमा गुणात्मक सुधार गर्न विधुतिय शासन प्रणाली लाई क्रमश लागू गर्दै जाने । यसै वर्ष वडा कार्यालयहरुमा cctv, solar back up तथा Internet सेवा जडान गरी गाउँपालिका केन्द्रसँग networking गर्ने कार्यको थालनी गर्ने ।

१९. उत्प्रेरित कर्मचारीबाट नै उत्पादकत्वमा गुणात्मक वृद्धि गर्न सकिने भएकोले कर्मचारीहरुलाई मासिक २५ प्रतिशत सम्म कार्य सम्पादन र मुल्यांकनको आधारमा प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

२०. कर्मचारी कल्याण कोषमा वार्षिक ५ लाख रकम जम्मा गर्नेछ ।

२१. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवभारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ वटा अवलोकन भ्रमण कार्यक्रम गर्नेछ ।

२२. कर्मचारी समायोजन भै आएपश्चात कार्यविभाजन नियमावली तथा प्रचलित ऐन अनुसार **संगठन तथा व्यवस्थापन सर्भेक्षण** गराई कार्यपालिका कार्यालय, वडा कार्यालयहरु र विषयगत समितिको संगठन संरचना तयार गरिने । तत्कालका लागि साविककै संगठन संरचना अन्तर्गत कार्य संचालन गर्ने तथा समायोजनको क्रममा विभिन्न निकायहबाट यस गाउपालिका कार्यालयमा काज\सरुवा भै आउने कर्मचारीहरुलाई हाँजिर गराई काममा लगाउने । करार तथा

ज्यालादारी कर्मचारीहरुको आवश्यकता अनुसार प्रचलित कानुन अनुरुप म्याद थप गरिनेछ तथा प्राविधिक कर्मचारी नियुक्त गर्ने ।

२३. गाउँपालिकाका काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्न आवश्यकता अनुसार प्रत्येक वडामा कम्प्युटर अपरेटर कर्मचारी, प्राविधिक, कानून व्यवसायी, अमिन, सरससफाई कर्मचारी, गाउँ प्रहरीहरु तथा श्रेणीविहिन कर्मचारीहरु करार तथा ज्यालादारीमा नियुक्त गरिनेछ । र कार्यरत रहेकोलाई निरन्तरता दिईनेछ ।

**सभाका सदस्य ज्यूहरु**

यस गाउँपालिकाको क्षेत्रभित्र रहेको सम्पूर्ण क्षेत्रको विकासका लागि क्षेत्रगत नीति,तथा कार्यक्रमहरु कार्यान्वयन गर्न ११ औ गाउँ सभामा आर्थिक वर्ष २०८१/८२ को लागि (राजश्व, नेपाल सरकार, प्रदेश सरकार) बाट प्राप्त अनुदान लगायत सम्पूर्णको सक्षिप्त रुपमा वजेटको तेरिज प्रस्तुत गर्न चाहन्छु ।

**आदरणीय उपस्थित महानुभावहरु**,

माथि उल्लेखित विषयगत नीतिहरुको सफल कार्यन्वयन गर्न हालसम्म प्राप्त तथ्याङ्क अनुसार सङ्घीय सरकारबाट वित्तीय समानिकरण अनुदान ८ करोड ७८ लाख तथा राजश्व बाँडफाँडबाट ६ करोड ८० लाख, त्यस्तै शशर्त अनुदान १२ करोड ५५ लाख ७१ हजार **विशेष अनुदान १ करोड** त्यस्तै प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान ६१ लाख १० हजार, सशर्त ५० लाख विशेष अनुदान ३० लाख समपुरक अनुदान २० लाख गाउँपालिका आन्तिरक श्रोत ५५ लाख तथा अन्य आन्तरिक आम्दानी ५ करोड मात्र गरी जम्मा **कूल बजेट ३४ करोड ६८ लाख ७१ हजार** मात्रको अनुमान गरेको छु ।

यस बाहेक विभिन्न कार्यक्रमबाट प्राप्त हुने बजेट, अनुदान तथा अन्य आय प्राप्त भएवमोजिम निर्देशनानुसार नै खर्च गरिनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु**,

गाउँपालिकको सन्तुलित एवं समावेशी विकास हाम्रो चाहना पनि हो र साध्य हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथिका सबै पक्षहरुलाई विशेष ध्यान दिईएको छ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म विश्वस्त छु।

**अन्तमा**,

एघारौ गाउँसभाको तयारीको प्रारिम्भक चरणदेखि अहोरात्र खट्ने कर्मचारीहरु, जनप्रतिनिधि, विभिन्न विषयगत समिति तथा सार्थक सहयोग गर्नुभएका सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु र आगामी दिनमा समेत सबैको समान सहभागिता र सहयोग रहनेछ भन्ने कुरामा पूर्ण विश्वास राख्दै नीति, कार्यक्रम तथा बजेट सारांश प्रस्तुती यहीँ अन्त्य गर्दछु ।

**राजकुमार साह**
**गाउँपालिका अध्यक्ष**
धनौजी गाउँपालिका
प्रस्तुत मिति २०८१।०३।०६ विहिवार
पारित मिति २०८१।०६।१९ शनिवार